तसर्थ हे महाबुद्धिमान् सूतजी, व्रत र तपस्या गर्नाले अथवा कसरी मनोवाञ्छित फल पाइन्छ त्यो कुरा सुन्ने इच्छा गर्दछु भन्नुहवस् ॥१७॥ वेदाङ्गमा पार भएका मुनिमा श्रेष्ठ तपाई हुनुहुन्छ, तपाई वरावर भन्न सक्ने अरु कोही छैनन् किनभने तपाईलाई व्यासजीले शिक्षा दिएको हो ॥ १८॥

इति सत्यनारायण कथामा भाषा–टीकाको पहिलो अध्याय सकियो ॥१॥

सरलीकृत सत्यनारायण पूजाविधि

द्वितीय अध्याय प्रारम्भ

सूत उवाच

धन्योऽसि त्वं मुनिश्रेष्ठ त्वमेव वैष्णवाग्रणीः ।
ततः समस्तलोकानां हितमिच्छसि सर्वदा ॥१॥
श्रृणु शौनक वक्ष्यामि कथां पाप प्रणाशिनीम् ।
यां श्रुत्वा मुच्यते जन्तुः संसारोत्थमहाभयात् ॥२॥

सूतजी भन्दछन्– मुनिहरूमा श्रेष्ठ भएका हे शौनक। तपाईंधन्य हुनुहुन्छ। विष्णु भक्तहरूका माझमा पनि तपाईं नै श्रेष्ठ हुनुहुन्छ किनकी सबै कालमा लोकको हितको इच्छा गर्नुहुन्छ ॥१॥ अतः त्यो कुरा म भन्दछु हे शौनक। जुन सुन्नाले प्राणीहरू संसाररूपी अत्यन्त ठूलो भयबाट मुक्त हुन्छन् ॥२॥

सूत उवाच

एकदा नारदो योगी परानुग्रहकाङ्क्षया ।
पर्यटन् विविधाँन्लोकान्मर्त्यलोकमुपागतः ॥३॥
तत्र दृष्ट्वा जनान्सर्वान्नानाक्लेशसमन्वितान् ।
नानायोनिसमुत्पन्नान् क्लिश्यमानान् स्वकर्मभिः ॥४॥

सूतजी भन्दछन्— एक समयमा योगी नारद अरुलाई करुणा गर्ने बिचारले अनेक लोक घुम्दा घुम्दै मर्त्य लोकमा आई पुग्नु भया ॥३॥ यहाँ समस्त जनलाई अनेक तरहका क्लेशले संयुक्त दुःखी नाना योनिमा जन्मेर आफ्नू कर्मका दुःखहरू भोगिरहेका देखे ॥४॥

सरलीकृत सत्यनारायण पूजाविधि

केनोपायेन चैतेषां दुःखनाशो भवेद् ध्रुवम्।
इति संचिन्त्य मनसा विष्णुलोके गतस्तदा ॥५॥
तत्र नारायणं देवं शुक्लर्वणं चतुभुर्जम्।
शङ्खचक्रगदा–पद्मवनमालाविभूषितम् ॥६॥
दृष्ट्वा तं देवदेवेशं स्तोतुं समुपचक्रमे।

त्यस्तोको दुःखको नाश कसरी हुन्छ भन्ने बिचार गरेर श्रीविष्णुलोकमा जानुभयो ॥५॥ वैकुण्ठ लोकमा सेतोवर्ण भएका चार हातमा शङ्ख, चक्र, गदा, पद्मधारी वनमालाले विभूषित नारायण भगवान् देवदेवलाई दर्शन गरीकन स्तुति गर्न लाग्नु भयो ॥६॥

नारद उवाच

नमस्ते वाङ्मनोतीतरूपायानन्तशक्तये ॥७॥
आदिमध्यान्तहीनाय निर्गुणायागुणात्मने ।
सर्वे षामादिभूताय भक्तानामार्तिनाशिने ॥८॥
श्रुत्वा स्तोत्रं ततो विष्णुर्नारदं प्रत्यभाषत ।

नारदजी भन्नुहुन्छ– वाणीले मनले जानि नसकिने अर्थात् ग्राह्य ग्रहण गर्न नसकिने, बचनले भनेर नसकिने, अगणित शक्ति भएका भगवान् तपाईलाई नमस्कार छ ॥७॥ हे प्रभो आदि मध्य र अन्त्य तीन अवस्था देखि रहित निर्गुण होइवक्सिन्छ, भक्तजनका निमित्त सगुणका अनेक अवतार धारण गरिवक्सिन्छ सबैको आदि भूत पुराण स्वरुपलेभक्तको पीडा नाश गरिवक्सिन्छ त्यस्ता हजुरलाई नमस्कार छ॥ ८॥

सरलीकृत सत्यनारायण पूजाविधि

श्रीभगवानुवाच

किमर्थमागतोऽसि त्वं किं ते मनसि वर्तते ॥९॥

कथयस्व महाभाग तत्सर्वं कथयामि ते।

नारदजीको यस्तो स्तुति सुनेर भगवान् विष्णु नारदलाई भन्नुहुन्छ, हे महाभाग ! हे नारद ! देवर्षे किन आउनुभयो ? तपाईका मनमा के छ। त्यो सबै विस्तार गर म पनि तिमीलाई सबै वृत्तान्त भनिदिनेछु॥९॥

नारद उवाच

मर्त्यलोके जनाः सर्वे नानाक्लेशसमन्विताः।

नानायोनि समुत्पन्नाः पच्यन्ते पापकर्मभिः ॥१०॥

यो कुरा सुनेर नारदजी भन्नुहुन्छ–हे भगवान् ! मर्त्यलोकका मनुष्यहरू नानातरहको योनिमा उत्पन्न भएर नानातरहको क्लेश दुःखमा आफ्ना कर्मले पाकिरहेका दुःखी प्राणी छन्॥ १० ॥

तत्कथं शमयेन्नाथ लघूपायेन तद्वद ।
श्रोतुमिच्छामि तत्सर्वं कृपाऽस्ति यदि ते मयि ॥११॥

हे नाथ। तिनीहरूको कष्ट थोरै उपायले कसरी शमन हुन्छ , त्यसको छोटो उपाय सुन्न इच्छा छ यदि ममा कृपा छ भने आज्ञा हवस् ॥ ११ ॥

श्रीभगवानुवाच

साधु पृष्टं त्वया वत्स लोकानुग्रहकाङ्क्षया ।
यत्कृत्वा मुच्यते मोहात् तच्छृणुष्व वदामि ते ॥१२॥

यति ती नारदले विन्ति गरेपछि भगवान् भन्नुहुन्छ, हे वाबु नारद ! प्राणीहरूको अनुग्रहको इच्छा गरीकन यो अती उपयोगी कुरा सोध्यौ सबैलाई कल्याण हुने यो कुरा हो। अव जो कुरा गरेर मनुष्य मोहबाट मुक्त हुन्छन् त्यो म भन्दछु सुन ॥१२॥

सरलीकृत सत्यनारायण पूजाविधि

व्रतमस्ति महत्पुण्यं स्वर्गे मर्त्ये च दुर्लभम् ।
तव स्नेहान्मया वत्स प्रकाशः क्रियतेऽधुना ॥१३॥
सत्यनारायणस्यैकं व्रतं सम्यग्विधानतः ।
कृत्वा सद्यः सुखं भुक्त्वा परत्र मोक्षमाप्नुयात् ॥१४॥
तच्छ्रुत्वा भगवद्वाक्यं नारदो मुनिरब्रवीत् ।

स्वर्गलोक मर्त्यलोकमा दुर्लभ भएको यस्तो एक पवित्र व्रत छ , हे बाबू नारद ! प्रेमले म अहिले प्रकाश गर्दछु ॥१३॥ जुन मनुष्य सत्यनारायणको व्रत राम्रो प्रकारले विधिपूर्वक गर्दछ भने यस लोकमा सुख भोगेर अन्त्यमा अर्थात् मरेपछि परलोकमा मोक्ष मिल्दछ ॥१४॥

ारद उवाच–

किं फलं किं विधानञ्च कृतं केनैव तद्व्रतम् ॥१५॥
तत्सर्वं विस्तराद् ब्रूहि कथं कार्यं हि तद् व्रतम् ।

यस्तो भगवान्‌को बचन सुनेर नारदजी भन्नुहुन्छ , सोध्नुहुन्छ हे प्रभो ! त्यो व्रतको कस्तो कस्तो फल छ कस्तो विधि विधान छ, पहिले कसले व्रत गर्‍यो ॥१५॥ यो सबै कैले पगर्नु पर्दछ, त्यो सबै विस्तारपूर्वक बताई बक्सियोस् भनी नारदले विन्ति गरे ॥

श्री भगवानुवाच

दुःखशोकादिशमनं धनधान्य प्रवर्धनम् ॥१६॥

सौभाग्यसन्ततिकरं सर्वत्र विजयप्रदम् ॥

यस्मिन् कस्मिन् दिने मर्त्यो भक्तिश्रद्धासमन्वितः ॥१७॥

भगवान् भन्न लाग्नुभयो हे नारदमुनि ! जुन व्रत दुःख शोक शमन गर्ने, धनधान्य बढाई दिने ॥ १६ ॥ सौभाग्य सन्तान बढाउने यो व्रत सबै मौका र ठाउँमा आफ्नू जीत (विजय) गराउने यस्तो फल भएको छ, जुनसुकै दिनमा भएपनि श्रद्धाभक्तिले युक्त भएर गरोस ॥ १७ ॥

सत्यनारायणं देवं यजेच्चैव निशामुखे।
ब्राह्मणैर्वान्धवैश्चैव सहितो धर्म तत्परः ॥१८॥
नैवेद्यं भक्तितो दद्यात् सपादं भक्ष्य संयुतम्।
रम्भाफलं घृतं क्षीरं गोधूमस्य च चूर्णकम् ॥१९॥

सन्ध्या समयमा सत्यनारायण भगवान्को पूजा गर्नु भक्त ब्राह्मण र भाइ बन्धुवर्ग (दाजुभाई) हरूसङ्ग भएर धर्ममा तत्पर रही ॥१८॥ भक्तिपूर्वक सवा किलो नैवेद्य बनाउनु जस्तै केरा, घिउ, दूध र गहुँको पीठो ॥१९ ॥

अभावे शालिचूर्णं वा शर्करा च गुडं तथा ।
सपादं सर्वभक्ष्याणि चैकीकृत्य निवेदयेत् ॥२०॥
विप्राय दक्षिणां दद्यात् कथां श्रुत्वा जनैः सह ।
ततश्च बन्धुभिः सार्धं विप्राँश्च प्रतिभोजयेत् ॥२१॥
प्रसादं भक्षयेद्भक्त्या नृत्यगीतादिकञ्चरेत् ।
ततश्च स्वगृहं गच्छेत् सत्यनारायणं स्मरन् ॥२२॥

गहुँको पीठो नपाए शालिधानको चामलको पीठो, शखर (चिनी) मिलाएर एकत्र गरेको सवा किलोः, सवा पाथी, सवा मन जति भएपनि आफ्नो गच्छे अनुसार सवा भएको बनाउनु र भगवान्लाई निवेदन (अर्पण) गर्नु भोग लगाउनु ॥२०॥ ब्राह्मणलाई दक्षिणा दिनु र भाइबन्धु सहित बसी कथा सुनेर त्यसपछि ब्राह्मणलाई भोजन गराउनु ॥२१॥ दाजुभाईहरूले सहित भएर आफूले पनि प्रसाद भोजन गर्नु, भक्तिपूर्वक नाचगान कीर्तन इत्यादि पनि गर्नु अनि सत्यनारायण भगवान्लाई वारम्वार संझदै ध्यान गर्दै आ–आफ्नो घरमा जानू ॥२२॥

एवं कृते मनुष्याणां वाञ्छासिद्धिर्भवेद्ध्रुवम् ।
विशेषतः कलियुगे लघूपायोऽस्ति भूतले ॥ २३ ॥

इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायणव्रतकथायां द्वितीयोऽध्यायः ॥ २ ॥

यस तरहले मनुष्यले व्रत गऱ्यो भने उसको इच्छासिद्धि निश्चय पूर्ण हुन जानेछ, विशेष गरेर कलियुगमा यस पृथिवीमा यही सबैभन्दा सजिलो उपाय हो (जसले पुण्य पनि हुन्छ, पाप पनि छुट्छ) ॥ २३ ।

इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायणव्रतकथा– भाषाटीकाया द्वितीयो=ध्यायः ॥२॥

तृतीय अध्याय प्रारम्भ

सूत उवाच

अथान्यत्संप्रवक्ष्यामि कृतं येन पुरा द्विज।
कश्चित् काशीपुरे रम्ये ह्यासीद्विप्राऽतिनिर्धनः ॥१॥
क्षुत्तृड्भ्यां व्याकुलो भूत्वा नित्यं बभ्राम भूतले।
दुःखितं ब्राह्मणं दृष्ट्वा भगवान् ब्राह्मणप्रियः ॥२॥

अब यस तृतीय अध्यायमा शतानन्द ब्राह्मणको उपाख्यान् वर्णन गरिन्छ—सूतजी भन्दछन्, हे शौनकजी। सुन अब अरु वृत्तान्त पनि म भन्दछु जसले यो व्रत अघि गऱ्यो। सो काशी नगरीमा कुनै एक शतानन्द नामका गरीब ब्राह्मण थिए। ॥ १ ॥ ती भोकप्यासले व्याकुलभएर नित्य पृथिवीमा घुमिरहन्थे त्यस्ता दुःखी ब्राह्मणलाई प्यारो गर्ने भगवान्ले ॥२॥

बृद्धब्राह्मणरूपस्तं पप्रच्छ द्विजमादरात्।

बृद्धब्राह्मण उवाच

किमर्थ भ्रमसे विप्र महीं नित्यं सुदुःखितः ॥ ३ ॥
तत्सर्वं श्रोतुमिच्छामि कथ्यतां द्विजसत्तम ।

बूढो ब्राह्मणको रूप लिएर तिनका (शतानन्द ब्राह्मणका) नजीकमा आएर आदरपूर्वक सोध्न लाग्नुभयो बूढा ब्राह्मणरूपी भगवान् भन्नुहुन्छ– हे ब्राह्मण ! तपाई के कारण दुःखी भएर पृथिवीमा सधैं घुमिरहनुहुन्छ ॥३॥ त्यो सबै कुरा सुनाउनु हवस् ॥

शतानन्द उवाच

ब्राह्मणो ऽ तिदरिद्रोहं भिक्षार्थं वै भ्रमाम्यहम् ॥४॥
उपायं यदि जानासि कृपया कथय प्रभो ।

ती शतानन्द ब्राह्मण भन्दछन्– म निर्धनी (गरीव) ब्राह्मण हुँ भिक्षाको निमित्त पृथिवीमा भ्रमण गर्दछु ॥ ४ ॥ हे प्रभो यदि उपाय जानेको छ भने कृपा गरेर भनिदिनुहवस् आज्ञा हओस् ॥

बृद्धब्राह्मण उवाच

सत्यनारायणो विष्णुर्वाञ्छितार्थफलप्रदः ॥५॥
तस्य त्वं पूजनं विप्र कुरुष्व व्रतमुत्तमम् ।
यत्कृत्वा सर्वदुःखेभ्यो मुक्तो भवति मानवः ॥६॥
विधानञ्च व्रतस्यापि विप्रायाभाष्य यत्नतः ।
सत्यनारायणो बृद्धस्तत्रैवान्तरधीयत ॥७॥

बूढा ब्राह्मणरूपी विष्णु आज्ञा गर्नु हुन्छ– हे ब्राह्मण ! सत्यनारायण भगवान् ! विष्णु इच्छाअनुसार फल दिने हुनुहुन्छ ॥५॥ उहाँको पूजा व्रत तपाई पनि गर्नुहवस् जुन पूजा व्रत गर्नाले मनुष्य सबै दुःखबाट मुक्त हुन्छन् ॥६॥ यस्ता तरहले व्रतको बिधि पनि ब्राह्मणलाई सबै वृतान्त बताई आज्ञा गरी बूढा ब्राह्मणरूपी सत्यनारायण भगवान् त्यहीं अन्तर्ध्यान होइबक्स्यो ॥ ७ ॥

तदहं संकरिष्यामि यदुक्तं ब्राह्मणेन वै ।
इति सञ्चिन्त्य विप्रोऽसौ रात्रौ निद्रां न लब्धवान् ॥८॥
ततो प्रातः समुत्थाय सत्यनारायणव्रतम् ।
करिष्ये इति सङ्कल्प्य भिक्षार्थ मगमत्द्विजः ॥९॥
तस्मिन्नेव दिने विप्र प्रचुरं द्रव्यमाप्तवान् ।
तेनैव बन्धुभिः सार्धं सत्यस्य व्रतमाचरत् ॥१०॥

तब ती ब्राह्मण शतानन्दले अब त्यो व्रत म राम्रा तरहले अवश्य गर्दछु भन्ने विचार गर्दै जुन बृद्ध ब्राह्मणले व्रत र पूजाको महीमा बताएर जानु भयो त्यसैमा मग्न परि रात्रिमा चिन्ता गर्दै निन्द्रा पनि परेन ॥८॥ त्यसपछि सवेरै उठेर सत्यनारायणको व्रत गर्दछु भन्ने मनमा सङ्कल्प गरेर ती ब्राह्मण भिक्षा माग्न भनेर गए ॥९॥ त्यस दिन भिक्षामा पनि धेरै धन (द्रव्य) पाए, त्यसै धनबाट दाजुभाइ ईष्टमित्र साथ भएर सत्यनारायण सत्यदेवको व्रत पूजा गरे ॥ १० ॥

सर्वदुःखविनिर्मुक्तः सर्वसंपत्समन्वितः ।
बभूव स द्विजश्रेष्ठो व्रतस्यास्य प्रभावतः ॥११॥
ततः प्रभृतिकालञ्च मासिमासि व्रतं कृतम् ।
एवं नारायणस्येदंव्रतं कृत्वा द्विजोत्तमः ॥१२॥
सर्वपापविनिर्मुक्तो दुर्लभं मोक्षमाप्तवान् ।
व्रतमस्य यदा विप्र पृथिव्यां संकरिष्यति ॥१३॥

सत्यनारायणको व्रतको प्रभावले ती ब्राह्मण सबै दुःखबाट मुक्त भए सबै सम्पत्तिले युक्त पनि भए। व्रतको प्रभावले ब्राह्मणलाई सबै कुराले परिपूर्ण युक्त धनधान्य अन्नहरूले सम्पत्तिवाला बनाई दिदा भए ॥११॥ त्यहाँदेखि लिएर ती ब्राह्मणले मैह्ना मैह्नामा सत्यनारायणको व्रत गर्न लागे। यस्ता तरहले ती ब्राह्मणोत्तम शतानन्द सत्यनारायण भगवान्‌को व्रत गरेर ॥१२॥ सबै पापबाट मुक्त भएर दुर्लभ गति कहिल्यै नपाइसकिने मोक्ष प्राप्त गरे। त्यसो हुनाले हे शौनक ! यस्तो सत्यनारायणको व्रत पृथिवीमा व्रत विधिले मनुष्य जब गर्दछन् ॥१३॥

तदैव सर्वदुःखञ्च मनुष्यस्य विनश्यति ।
एवं नारायणेनोक्तं नारदाय महात्मने ॥१४॥
मया ततकथितं विप्राः किमन्यत् कथयामि वः ॥१५॥

इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायण व्रतकथायां तृतीयोऽध्यायः ॥३॥

त्यसै वेला मनुष्यको सबै दुःख विनाश भएर जानेछन् यसरी नारायण भगवान्ले नारदलाई भन्नु भएको छ , आज्ञा गर्नु भएको छ ॥१४॥ सोही व्रत हे शौनक ब्राह्मण हो । तपाईहरूलाई मैले पनि सोही कुरा भने अब तपाईहरूलाई के सुनाऊ भनो सूतजीले भन्नुभयो ॥१५॥

इति सत्यनारायणको व्रतकथायां तेश्रो अध्याय सकियो ॥ ३ ॥

चतुर्थ अध्याय प्रारम्भ

ऋषिउवाच

तस्माद्विप्राच्छ्रुतं केन पृथिव्यां चरितं मुने।
तत्सर्वं श्रोतुमिच्छामि श्रद्धास्माकं प्रजायते ॥१॥

शौनकादि ऋषि भन्नुहुन्छ, हे मुनि सूतजी ! त्यसपछि ती ब्राह्मणबाट यो व्रत पृथिवीमा कसले सुन्यो ? पृथिवीमा कसले गऱ्यो ? त्यो सबै कुरा सुन्नालाई हामीलाई श्रद्धा लागेको छ ॥१॥

सूत उवाच

श्रृणुध्वं मुनयः सर्वे व्रतं येन कृता भुवि ।
एकदा स द्विजवरो यथाविभवविस्तरैः ॥२॥

शौनकादिहरूको यो कुरा सुनेर, सूतजी भन्नुहुन्छ, हे मुनिश्वरहरू हो सुन्नुहवस् त्यसपछि पृथिवीमा जसले गऱ्यो, एक दिन उनै शतानन्द ब्राह्मण आफ्ना धन ऐश्वर्य अनुसार ॥२॥

बन्धुभिः स्वजनैः सार्धं व्रतंकर्तुं समुद्यतः ।
एतस्मिन्नन्तरे काले काष्ठक्रेता समागमत् ॥३॥
बहिः काष्ठञ्च संस्थाप्य विप्रस्य गृहमाययौ
तृष्णया पीडितात्मा च दृष्ट्वा विप्रकृतं व्रतम् ॥४॥

प्रणिपत्य द्विजंप्राह किमिदं क्रियते त्वया।
कृते किं फलमाप्नोति विस्तराद् वद मे प्रभो ॥५॥

बन्धुवर्ग इष्ट, मित्र,सहित भएर व्रत पूजा गर्न लागेका थिए त्यसै समयमा कोहि दाउरा वेच्ने दाउरे तही आइपुग्यो ॥३॥ त्यो दाउरा बाहिर राखेर ब्राह्मणको घरमा गयो, प्यासले व्याकुल भएको छँदो दाउरावालाले त्यहाँ पूजा भएको देखेर ॥४॥ ब्राह्मणलाई नमस्कार गरेर भन्दछ, हे ब्राह्मणजी, तपाईले यो के गर्नु भएको ? यो गर्नाले के फल हुन्छ सो हे ब्राह्मण। मलाई विस्तारपूर्वक भन्नहवस् ॥५॥

विप्र उवाच

सत्यनारायणस्येदं व्रतं सर्वेप्सितप्रदम्।
तस्य प्रसादान्मेसर्वं धनधान्यादिकं महत् ॥६॥
तस्मादेतदव्रतंज्ञात्वा काष्ठक्रेताऽतिहर्षितः।
पपौजल प्रसादञ्च भुक्त्या च नगरं ययौ ॥७॥

ब्राह्मण भन्दछन् यो सबै मनकामना पूर्ण गर्ने इच्छाअनुसार फल दिने सत्यनारायणको व्रत गरेको हो, उहाँ कै कृपाले मेरो घरमा सधै धनधान्य ठूलो ऐश्वर्य भएको हो ॥६॥ ब्राह्मणबाट यो कुरा जानेर दाउरे अति खुशि भयो, अनि जल प्रसाद खाएर शहर तर्फ आयो ॥७॥

सत्यनारायणं देवं मनसा चेत्यचिन्तयत् ।
काष्ठं विक्रयतो ग्रामे प्राप्यते चाद्य यद्धनम् ॥८॥
तेनैव सत्यदेवस्य करिष्ये व्रतमुत्तमम् ।
इति सञ्चिन्त्य मनसा काष्ठं कृत्वा तु मस्तके॥९॥
जगाम नगरे रम्ये धनिनां यत्र संस्थिति ।
तद्दिने काष्ठमूल्यं च द्विगुणं प्राप्तवानसौ ॥१०॥

सत्यनारायण देवतालाई मनले चिताउदै दाउरा विक्री गर्न गाउँमा गयो, आज दाउरा बेच्दा जति धन आउँछ॥ ८ ॥ त्यसैबाट सत्यनारायणको उत्तम व्रत गर्दछु यस्तो मनले चिताएर दाउरा टाउकामा राखेर विक्री गर्न गयो ॥९॥ रमणीय नगरमा पुग्यो जहाँ जहाँ धनीहरू रहन गएका छन् त्यस्तो नगरमा गएर दाउरा बेच्दा त्यस दिन दाउराको पैसा पनि दुई गुना (धेरै) पायो ॥१०॥

ततः प्रसन्नहृदयः सुपक्वं कदलीफलम् ।
शर्कराघृतदुग्धानि गोधूमस्य च चूर्णकम् ॥११॥
कृत्वैकत्र सपादञ्च गृहीत्वास्वगृहं ययौ ।
ततो बन्धून् समाहूय चकार विधिना व्रतम् ॥१२॥
तद्व्रतस्यप्रभावेण धनपुत्रान्वितोभवेत् ।
इहलोके सुखं भुक्त्वा चान्ते सत्यपुरं ययौ ॥१३॥

इति श्रीसत्यनारायण कथायां चतुर्थोऽध्यायः ॥४॥

त्यसपछि खुसी हुदै त्यस दाउरेले राम्रो पाकेको केरा, शखर घिउ दूध गहुँको पीठो ॥११॥ सबै एक ठाउँमा मिलाएर सवा किलो नैवेद्य बनाएर घरमा आयो, अनि बन्धुवर्गहरूलाई बोलाएर विधिपूर्वक व्रत पूजा गर्‍यो ॥१२॥ त्यो व्रतको प्रभावले त्यो दउरा बेच्नेवाला धनपुत्रले युक्त भएको भएर यस लोकमा सुख भोगेर अन्त्यमा सत्यनारायणको सत्यलोक वैकुण्ठमा गयो ॥१२॥

इति सत्यनारायणको व्रतकथाको नेपाली टीकामा चौथो अध्याय सकियो ॥४॥

पञ्चम अध्याय प्रारम्भ

सूत उवाच

पुनरन्यत् प्रवक्ष्यामि श्रृणुध्वँ मुनिसत्तमाः ।
पुरा चोल्कामुखो नाम्ना नृपश्चासीन्महीपतिः ॥१॥
जितेन्द्रियः सत्यवादी ययौ देवालयं प्रति ।
दिने दिने धनं दत्त्वा द्विजान् सन्तोषयन् सुधीः ॥२॥

श्री सूतजी भन्नुहुन्छ, हे मुनीश्वरहरू हो । सुन्नुहवस् अरु कथा इतिहास पनि भन्दछु अघि एक समयमा उल्कामुख नाम गरेका अत्यन्त धर्मात्मा राजा थिए ॥ १ ॥ एघारै इन्द्रियलाई जितेका सत्यवादी ती राजा दिनदिनै देवताका मन्दिरमा जान्थे, ब्राह्मणहरूलाई धनदान गरेर सन्तोष गराउँदथे प्रशन्न गराउँदथे ॥२॥

भार्या तस्य प्रमुग्धा च सरोजवदना सती ।
भद्रशीलानदीतिरे सत्यस्य व्रतमाचरत् ॥३॥
एतस्मिन्नान्तरे तत्र साधुरेकसमागतः ।
वाणिज्यार्थं बहुधनैरनेकैः परिपूरिताम् ॥४॥
नावं संस्थाप्य तत्तीरे जगाम नृपतिं प्रति ।
दृष्ट्वा स व्रतिनं भूपं पप्रच्छ विनयान्वितः ॥५॥

उनकी पत्नी (महारानी) प्रमुग्धा नाउँ गरेकी, कमल जस्तो मुख गरेकी, रूपवती, पतिव्रता थिइन्। राजा भद्रशीला नदीका किनारमा सत्यदेव सत्यनारायणको व्रतपूजा गर्न लाग्दा भए ॥३॥ राजाले पूजा गरेको बेलामा त्यहाँ एक साधु बनिया आइपुग्या । व्यापारका निमित्त ल्याएको अनेक प्रकारका बहुमूल्य धनले पूर्ण भएको ॥४॥ आफ्नो नाउँ नदी किनारमा राखेर राजा भएको ठाउँमा गयो। ती व्रतपूजामा लागेका राजालाई देखेर नम्रतापूर्वक सोध्दछ ॥५॥

साधु रुवाच

किमिदं कुरुषे राजन् ! भक्तियुक्तेन चेतसा ।
प्रकाशं कुरु तत्सर्वं श्रोतुमिच्छामि साम्प्रतम् ॥६॥

साधु वनिया भन्दछ, हे महाराज ! हजुरले भक्ति युक्त चित्तले यो के गर्नुभएको हो ? त्यो सबै खुलाएर भन्नुहवस्, मलाई सुन्न इच्छा लाग्यो ॥६॥

राजोवाच

पूजनं क्रियते साधो विष्णोरतुलतेजसः ।
व्रतञ्चस्वजनैः सार्धं पुत्राद्यावाप्तिकाम्यया ॥७॥

राजा भन्दछन्– हे साधु बनिया ! अतुल तेज भएका विष्णु भगवान्को व्रतपूजा आफ्ना बन्धु र इष्टमित्र जनसहित भएर सन्तान आदि प्राप्ति निमित्त गरेको हो ॥ ७ ॥

भूपस्य वचनं श्रुत्वा साधुः प्रोवाच सादरम् ।
सर्वं कथय मे राजन् ! करिष्येऽहं तवोदितम् ॥८॥
ममाऽपि सन्ततिर्नास्ति एतस्माज्जायते ध्रुवम् ।
राजा तथा जगादेदं व्रतं सम्यग्विधानतः ॥९॥

राजाको वाणी सुनेर त्यो बनियाँ भन्दछ, हे महाराज, सबै विस्तार संभ्काएर भन्नुहवस् तपाईले भन्नु भएको कुरा सब थोक म पनि गर्दछु ॥८॥ मेरा पनि सन्तान छैनन्, यस्तो सत्यनारायणको पूजा गरेमा अवश्य सन्तान होलान् । राजाले पनि त्यो सबै राम्रो तरहले बताई दिए ॥९॥

श्रुत्वा साधुर्जगामाशु नगरं श्रीसमाकुलम् ।
ततो निवृत्य वाणिज्यात्सानन्दो गृहमागतः ॥१०॥
भार्यायै कथितं सर्वं व्रतं सन्ततिदायकम् ।
तदा व्रतं करिष्यामि यदा मे सन्ततिर्भवेत् ॥११॥

ती सबै कुरा सुनेर वनियाँ लक्ष्मीले पूर्ण भएको आफ्नू नगरमा आए। व्यापारको काम सकेर आनन्दपूर्वक आफ्नै घरमा आए ॥१०॥ त्यो सन्तान दिने व्रतको कुरा आफ्नी पत्नीलाई सुनाए, अनि पत्नीसङ्ग भने कि अब मेरा सन्तान भएपछि म पनि त्यो व्रत गर्नेछु ॥ ११ ॥

इति लीलावतीं प्राह स्वपत्नीं साधुसत्तमः ।

एकस्मिन्दिवसे तस्य भार्या लीलावती सती ॥१२॥

भर्तृयुक्ता ऽ नन्दचित्ता ऽ भवद्धर्मपरायणा ।

गर्भिणी सा ऽ भवत्तस्य भार्या सत्यप्रसादतः ॥१३॥

आफ्नी पत्नी लीलावतीका साथ साधु वनियाले यो कुरा गरे एक दिन साधु वनियाकी पत्नी लीलावती ॥१२॥ धर्मपरायण भएर पति संयुक्त आनन्द चित्तले भगवत् धर्ममा परायण भएकी श्रीसत्यनारायण सत्यदेवका कृपाले गर्भिणी पनि भइन् ॥१३॥

दशमे मासि वै तस्याः कन्यारत्नमजायत ।

दिने दिने सा ववृधे शुक्लपक्षे यथा शशी ॥१४॥

नाम्ना कलावती चेति तन्नामकरणं कृतम् ।

ततो लीलावती प्राह स्वामिनं मधुरं बच ॥१५॥

दश मैह्ना भएपछि रत्न जस्ती कन्या पैदा भइन् ती कन्या शुक्लपक्षका चन्द्रमा जस्तै बढ्दै गइन् ॥१४॥ तिनको नाउँ कलावती राखियो जब छोरीको न्वारन भएथ्यो अनि ती लीलावतीले आफ्ना स्वामीलाई मधुर वाणीले भनिन् ॥१५॥

न करोषि किमर्थं वै पुरा सङ्कल्पितं व्रतम् ।

साधुरुवाच

विवाहसमये त्वस्याः करिष्यामि व्रतं प्रिये ॥१६॥
इति भार्या समाश्वास्य जगाम नगरं प्रति ।
ततः कलावती कन्या ववृधे पितृवेश्मनि ॥१७॥
दृष्ट्वा कन्या ततः साधुर्नगरं सखिभिः सह ।
मन्त्रयित्वा द्रुतम् दूतं प्रेषयामास धर्मवित् ॥१८॥

हे स्वामिन् पहिलो त्यो सङ्कल्प गरेको सत्यनारायणको व्रत किन गर्नुहुन्न भन्दा साधु वनियाँ भन्दछ— हे सुन्दरी प्रिये ! छोरीको विवाहको समयमा त्यो व्रत पूजा गरौंला ॥१६॥' यस्ता तरहले पत्नीलाई संझाएर आफ्नू व्यापारादि काम गर्न शहरतर्फ गयो । तहाँ उप्रान्त कलावती पनि आफ्नु बाबुको घरमा दिन परदिन बढ्दै जान लागिन ॥१७॥ त्यस्ता तरहले शहरमा साथी केटीहरूसङ्ग हिडडुल गर्ने उमेर पुगेकी छोरीलाई देखेर सल्लाह गरेर ज्वाइँ खोज्न भनि दूत पठाए ॥ १८ ॥

विवाहार्थं च कन्याया वरं श्रेष्ठं विचारय ।

तेनाऽऽज्ञप्तश्च दूतोऽसौ काञ्चनं नगरं ययौ ॥१९॥

तस्मादेकं वणिक्पुत्रं समादायाऽऽगतो हि सः ।

दृष्ट्वा तु सुन्दरं बालं वणिक्पुत्रं गुणाऽन्वितम् ॥२०॥

हे दूत ! मेरी यी कन्याको विवाह गर्ना निमित्त योग्य वर विचार गरेर ल्याउ भन्ने यस्तो आज्ञा पाएको दूत त्यहाबाट कञ्चन नगरमा पुग्यो ॥१९॥ त्यहाँबाट एक वनियाँको पुत्रलाई लिएर आइपुग्यो गुणले युक्त भएको त्यो सुन्दर सुकुमार बालकलाई देखेर ॥२०॥

ज्ञातिभिर्बन्धुभिः सार्धं परितुष्टेन चेतसा ।
दत्तवान् श्रीमते साधुः कन्यां विधिविधानतः ॥२१॥
ततो ऽ भाग्यवशात्तेन विस्मृतं व्रतमुत्तमम् ।
विवाहसमये तस्या स्तेन रुष्टोऽभवत्प्रभुः ॥२२॥
ततः कालेन नियतो निजकर्मविशारदः ।
वाणिज्यार्थे गतः शीघ्रं जामात्रा सहितो वणिक् ॥२३॥

खुशी सन्तोष चित्तले साधुले नातेदार दाजुभाइ इष्टमित्र सबै साथ भएर छोरीको विधि–विधान्तर गरी रीत पूरा गरी कन्यादान विवाहकर्म गरिदिए ॥२१॥ दुर्भाग्यवश त्यो साधु बनियाँले छोरीको विवाह समयमा पनि सत्यनारायण सत्यदेवको व्रत पूजा गर्न बिर्सियो, त्यसकारण भगवान् रुष्ट हुनुभयो॥ २२॥ त्यसका कति दिनपछि आफ्नू जातिको कर्म जान्ने भएको त्यो बनियाँ ज्वाइँलाइ पनि साथमा लिएर व्यापार गर्न गयो ॥२३॥

रत्नसारपुरे रम्ये गत्वा सिन्धुसमीपतः ।
वाणिज्यमकरोत् साधुर्जामाता श्रीमता सह ॥२४॥
तौ गतौ नगरे रम्ये चन्द्रकेतोर्नृपस्य च ।
एतस्मिन्नेव काले तु सत्यनारायणः प्रभुः ॥२५॥
भ्रष्टप्रतिज्ञामालोक्य शापं तस्मै प्रदत्तवान् ।
दारुणं कठिनं चा ऽस्य महद्दुःखं भविष्यति ॥२६॥

रत्नसार नाम गरेको रमणीय नगरीको नजिकै समुद्र किनारामा रहेर त्यो शहरमा त्यो भाग्यवान वैश्य ज्वाइँ साथै भएर व्यापार गर्न लाग्यो ॥२४॥ ती साधु बनियाँ गएको त्यो रमणीय नगरका राजा चन्द्रकेतु थिए त्यस बखत सत्यनारायण प्रभुले॥२५॥ त्यो साधुले म पूजा गर्छु भन्न प्रतिज्ञा भ्रष्ट गरेको देखेर त्यस समयमा सत्यनारायण भगवान् रुष्ट हुनुभयो अनि श्राप दिनुभयो दारुण कठिन दुःख भोग्नुपर्नेछ भनिदिनुभयो ॥२६॥

एकस्मिन् दिवसे राज्ञां धनमादाय तस्करः।
तत्रैव चागतश्चैव वणिजौ यत्र संस्थितौ ॥२७॥
तत्पश्चाद्धावकान् दूतान् दृष्ट्वा भीतेनचेतसा ।
धनंसंथाप्य तत्रैव स तु शीघ्रमलक्षितः ॥२८।

त्यसपछि एक दिन राजा चन्द्र केतुको धन चोरले लिएर त्यहीँ आइपुग्यो जहाँ बनियाहरू बसेका थिए॥२७॥ पछि–पछि लखेट्दै आएका सिपाहीहरूलाई देखेर डराएर तिनै बनियाँहरू भएका ठाउँमा त्यो चोरेको धन–राखेर त्यो चोर त्यही लुक्यो॥२८॥

ततो दूताः समायातायत्रास्ते सज्जनो वणिक् ।
दृष्ट्वा नृपधनं तत्र बध्वा नीतौ वणिक्सुतौ ॥२९॥
हर्षेण धावमानाश्च ऊचुर्नृपसमीपतः ॥
राज्ञाऽज्ञप्तास्ततः शीघ्रंदृढं बद्ध्वा तु तावुभौ ।
स्थापितौ द्वौ महादुर्गे कारागारेऽविचारतः ॥३१॥

त्यसपछि सिपाहीहरू खेद्दै त्यही आइपुगे जहाँ ती सज्जन बनिया थिए। चोरेको धन त्यही देखेर चोरहरू यिनै रहेछन् भनेर ती सज्जन दुई बनियाँलाई पक्रेर बाँधी पाताकसी लगे॥२९॥ खुशीका साथ दौडाउदै राजाका निकटमा पुगेर विन्ती गर्न लागे– हे महाराज ! दुई जना चोर समाती ल्याएका छौ हेरेर आज्ञा हवस्॥३०॥ यस्ता दूतका बचन सुनी चन्द्रकेतु राजाले आज्ञा गरेपछि चाडै नै ती दुवै जनालाई बलियो गरेर बाँधेर, अरु कुनै कुरा बिचारै नगरी सरासर कठिन कारागारमा लगेर हालिदिए ॥३१॥

मायया सत्यदेवस्य न श्रुतं कैस्तयोर्बचः ।

अतस्तयोर्धनं राज्ञा गृहीतं चन्द्रकेतुना ॥३२॥

तच्छापाच्च तयोर्गेहे भार्या चैबातिदुःखिता ।

चौरेणाऽपहृतं सर्वं गृहे यच्च स्थितं धनम् ॥३३॥

सत्यदेव भगवान्का मायाले ती बनियाँहरूले भनेको कुरा कसैले सुन्दै सुनेन, सत्यनारायणको क्रोधको प्रभावले तिनीहरूको धन पनि राजा चन्द्रकेतुले सर्वस्व जफत गरे ॥३॥ भगवान्का श्रापले उनीहरूको घरमा पनि भएको धन सबै चोरले लगेर नष्ट भयो । बनियाँइनी लीलावती तथा छोरी कलावतीलाई पनि सारै दुःख पऱ्यो ॥३३॥

आधिव्याधिसमायुक्ता क्षुत्पिपासातिदुःखिता ।
अन्नचिन्तापरा भूत्वा बभ्राम च गृहे गृहे ॥३४॥
कलावती तु कन्याऽपि बभ्राम प्रतिवासरम् ।
एकस्मिन्दिवसे याता क्षुधार्ता द्विजमन्दिरम् ॥३५॥

मनमा ताप र शरीरमा रोग लागेर भोक प्यासले पीडित बनियाँकी श्रीमती लीलावती पनि अन्नका चिन्तामा परेकी अर्थात् अर्काको घरघरमा घुम्नुपर्‍यो छोरी कलावती पनि त्यस्तै तरहले कहाँ गए अन्न खान पाइएला भन्दै प्रतिदिन घरघर घुम्न लागी ॥३४॥ एकदिन भोकले पीडित भएर कलावती एक ब्राह्मणका घरभित्र गएर पसी त्यहाँ भगवान् सत्यनारायणका व्रत पूजा भईरहेको देखी ॥३५॥

गत्वाऽपश्यत् व्रतं तत्र सत्यनारायणस्य च ।
उपविश्य कथां श्रुत्वा वरं प्रार्थितवत्यपि ॥३६॥
प्रसादभक्षणं कृत्वा ययौ रात्रौ गृहं प्रति ।
ताकलावतीं कन्यां कथयामास प्रेमतः ॥३७॥
पुत्रि रात्रौ स्थिता कुत्र किं ते मनसि वर्तते ।
कन्या कलावती प्राह मातरं प्रति सत्वरम् ॥३८॥

त्यहाँ वसेर कथा सुनेर वरदानको प्रार्थना पनि गरी अनि प्रसाद खाएर घरमा आई॥३६॥ त्यस वेला आमाले छोरी कलावतीलाई प्रेमपूर्वक नै भनिन् हे छोरी ! रातीमा कहाँ थियौ ? तिम्रा मनमा के छ ? अथवा ज्वाइँ घरमा नहुनाले मनमा पीर भई राती राती अर्काको घरमा गएकी होस् कि ॥३७॥ आमाको बचन सुनेर छोरी कलावती भन्दछिन् हे आमा ! रात्रिमा एक ब्राह्मणको घरमा एक दृढ वाञ्छासिद्धि गर्ने व्रत गरेको देखें॥३८॥

द्विजालये व्रतं मातदृष्टं वाञ्छितसिद्धिदम् ।
तच्छ्रुत्वा कन्यकावाक्यं व्रतं कर्तुं समुद्यता ॥३९॥
सा मुदा तु वणिग्भार्या सत्यनारायणस्य च ।
व्रतं चक्रे सैव साध्वी बन्धुभिः स्वजनैः सह ॥४०॥
भर्तृजामातरौ क्षिप्रमागच्छेतां स्वमाश्रमम् ।
अपराधं च मे भर्तुर्जामातुः क्षन्तुमर्हसि ॥४१॥

छोरीको कुरा सुनेर बनियाँको स्त्री लीलावती पनि हर्षले सत्यनारायणको व्रत गर्न उत्सुक भइन् ॥३९॥ तब त्यस पतिव्रताले बहुत खुशी हुदै दाजुभाई बन्धुवर्गसहित भएर सोही व्रत गर्न लागिन् हे सत्यदेव भगवान् ! मेरा पति र ज्वाइँ छिटै नै घरमा आइपुगुन् ॥४०॥ हे सत्यनारायण प्रभु ! मेरा पति र ज्वाइँको अपराध पनि क्षमा गरि वक्सियोस यस्ता तरहको व्रत गर्दा सत्यनारायण प्रभु सन्तुष्ट हुनुभयो ॥४१॥

व्रतेनाऽनेन तुष्टोऽसौ सत्यनारायणः प्रभुः ।
दर्शयामास स्वप्नं हि चन्द्रकेतुं नृपोत्तमम् ॥४२॥
वन्दिनौ मोचय प्रातर्वणिजौ नृपसत्तम ।
देयं धनं च तत्सर्वं गृहीतं यत् त्वयाऽधुना ॥४३॥

अनि त्यही राती चन्द्रकेतु राजालाई नारायणले सपनामा दर्शन दिएर भन्नुभयो हे राजन् ! यी भ्यालखानामा बन्द गरिएका वन्दी बनियाँलाई भोली सवैरै छोडिदेऊ यी चोर हैनन् ॥४२॥ यिनीहरूबाट तिमीले जफत गरेको धन पनि फिर्ता गरिदेऊ ॥४३॥

नो चेत् त्वां नाशयिष्यामि सराज्यधनपुत्रकम्।
एवमाभाष्य राजानं ध्यानगम्योऽभवत्पुनः ॥४४॥
ततः प्रभातसमये राजा च स्वजनैः सह।
उपविश्य सभामध्ये प्राह स्वप्नं जनं प्रति ॥४५॥
बद्धौ महाजनौ शीघ्रं मोचय द्वौ वणिक्सुतौ।
इति राज्ञो वचः श्रुत्वा मोचयित्वा महाजनौ ॥४६॥

यदि त्यसो गरेनौ भने तिम्रो राज्य धन पुत्रादि सबै नाश गरिदिनेछु यसरी राजालाई स्वप्नमा भनेर सत्यनारायण भगवान् अन्तर्ध्यान हुनु भयो ॥४४॥ त्यसपछि सवेरै हुने वित्तिकै राजा आफ्ना मन्त्रीजनहरूसङ्गै सभामा बसेर त्यो सपनाको कुरा सबैलाई सुनाउँदा भए ॥४५॥ अनि राजाले कर्मचारीहरूलाई आज्ञा गरेर भने- ती थुनेका बनियाँहरूलाई तुरुन्त बन्धन मुक्त गरी यहाँ ल्याऊ ॥४६॥

समानीय नृपस्याऽग्रे प्राहुस्ते विनयान्विताः ।
आनीतौ द्वौ वणिक्पुत्रौ मुक्तौ निगडबन्धनात् ॥४७॥
ततो महाजनौ नत्वा चन्द्रकेतुं नृपोत्तमम् ।
स्मरन्तौ पूर्व वृत्तान्तं नोचतुर्भयविह्वलौ ॥४८॥

त्यसपछि तुरुन्त ती दुई बनियाँहरूलाई झ्यालखानाबाट निकालेर ल्याएर नम्रतापूर्वक भन्दछन्, महाराजा ! ती दुई बनियाँ ल्याएका छौँ ॥४७॥ बनियाँहरूले पनि महाराजा चन्द्रकेतुलाई नमस्कार गरे। पहिलेको कुरा संझेर भयले केही बोल्न पनि सकेनन् ॥४८॥

राजा वणिक्सुतौ वीक्ष्य वचः प्रोवाच सादरम् ।

दैवात् प्राप्तं महद्दुःखमिदानीं नास्ति वै भयम् ॥४९॥

ततो निगडसंत्याग क्षौरकर्माद्यकारयत् ।

वस्त्रालङ्कारकं दत्त्वा परितोष्य नृपश्च तौ ॥५०॥

तव राजाले बनियाँ दुवैलाई आदर पूर्वक यो भने दैववश यो दुःख पायौ, हे बनियाँ हो ! अब डराउनु पर्दैन·॥४९॥ त्यस बखतमा नेल हतकडी कटाएर केश कटाई स्नान गराई वस्त्र गहना लगाई महाराजाले ती बनियाँहरूलाई सन्तुष्ट गराउँदा भए ॥५०॥

पुरस्कृत्य वणिक्पुत्रौ बचसा ऽतोषयद्भृशम् ।
पुरा ऽनीतं तु यद्द्रव्यं द्विगुणीकृत दत्तवान् ॥५१॥
प्रोवाच तौ ततो राजा गच्छ साधो निजाश्रमम् ।
राजानं प्रणिपत्याऽह गन्तव्यं त्वत्प्रसादतः ।
इत्युक्त्वा तो महावैश्यौ जग्मतुः स्वगृहं प्रति ॥५२॥

इति श्री सत्यनारायण कथायां पञ्चमोऽध्याय ॥

अगाडि राखेर मीठा मीठा बचन बोल्दै पहिले जफत गरेको धन पनि दुइगुना गरेर दिए ॥५१॥ महाराजाले भने– हे साधुबनियाँ ! अब आफ्ना आश्रममा जाऊ ती बनियाँहरूले पनि राजालाई नमस्कार गरेर भने– महाराज ! तपाईका कृपाले अब हामी जान्छौ । यति भनेर त्यहाँबाट विदा भएर ती महाजनहरू आफ्ना घरतर्फ गए ॥५२॥

इति सत्यनारायण– व्रतकथाको नेपाली टीकामा पाचौ अध्याय सकियो ॥५॥

षष्ठ अध्याय प्रारम्भ

सूत उवाच

यात्रां तु कृतवान् साधुर्मङ्गलाचार पूर्विकाम् ।

ब्राह्मणाय धनं दत्वा तदा तु नगरं ययौ ॥१॥

कियद्दूरं गते साधौ सत्यनारायणः प्रभुः ।

जिज्ञासां कृतवान्साधो किमस्ति तब नौ स्थितम् ॥२॥

सूतजी शौनकादिसङ्ग भन्नुहुन्छ– हे शौनकादि हो ! तब ती साधु बनियाँहरूले मङ्गल आचार गरेर यात्रा गरे, ब्राह्मणलाई धन दान गरे अनि आफ्ना घरतर्फ जान लागे ॥१॥ केही टाढागएपछि श्री सत्यनारायण सत्यदेव भगवान् दण्डी स्वामीको भेषमा आएर सोध्न लाग्नुभयो । हे बनियाँहरू हो ! तिमीहरूको नाउँमा के छ ॥२॥

ततो महाजनो मत्तो हेलया च प्रहस्य वै ।
कथं पृच्छसि भो दण्ढिन् मुद्रां नेतुं किमिच्छसि ॥३॥
लतापत्रादिकं चैव वर्तते तरणौ मम ।
निष्ठुरं च वचः श्रुत्वा सत्यं भवतु ते वचः ॥४॥
एवमुक्त्वा गतः शीघ्रं दण्डी तस्य समीपतः ।
कियद्दूरं ततो गत्वा स्थितः सिन्धुसमीपतः ॥५॥

यो कुरा सुनेर धनले मत्त भएको महाजन बनियाँले हेलाँ गरेर हासेर भन्यो– हे दण्डी बाबाजी, किन सोध्छौ ? के हाम्रो धन लिन इच्छा गर्छौं कि ॥३॥ मेरो नाउमा पात–पतिङ्गर लता–पता छ। यस्तो निष्ठुर बचन सुनेर तिमीहरूले भनेको सत्य हवस् ॥४॥ भनेर दण्डी स्वामी चाँडै आफ्नो बाटो जानुभयो, यति भनेर दण्डी स्वामी जानुभएपछि केही पर समुद्र किनारामा गएर रहनुभयो ॥५॥

गते दण्डिनि साधुश्च कृतनित्यक्रियस्ततः ।
उत्थितां तरणीं दृष्ट्वा विस्मयं परमं ययौ ॥६॥
दृष्ट्वा लतादिकं चैव मूर्च्छितो न्यपतद्भुवि ।
लब्धसंज्ञो वणिक्पुत्रस्ततश्चिन्तान्वितो ऽभवत् ॥७॥

तब दण्डी भगवान् जानुभएपछि त्यो साधु बनियाँ पनि आफ्नो नित्य कर्म गरेर आयो अनि त्यो नाउ उचालिएको देखेर अत्यन्त आश्चर्य भएर छक्क परे ॥६॥ ती महाजन बनियाँ आफ्नो नाउमा रहेको सबै धन दौलत लहरा पात भएको देखेर मूर्छा परेर पृथिवीमा लड्यो । केही बेरमा होस आएपछि ज्यादै चिन्तामा पर्‍यो ॥७॥

तदा तद् दुहितुः कान्तो बचनं चेदमब्रवीत्।
किमर्थ क्रियते शोकः शापो दत्तश्च दण्डिना ॥८॥
शक्यते तेन सर्वं हि कर्तुं चाऽत्र न संशयः।
अतस्तच्छरणं यामो वाञ्छितार्थो भविष्यति ॥९॥
जामातुर्बचनं श्रुत्वा तत्सकाशं गतस्तदा।
दृष्ट्वा च दण्डिनं भक्त्या नत्वा प्रोवाच सादरम् ॥१०॥

त्यस वखतमा छोरीको प्यारो अर्थात् ज्वाईले साधु बनियाँलाई यस्तो बचन भने ससुराज्यू किन शोक गर्नुहुन्छ ? अहिले दण्डि बाबा रिसाएर श्राप गरे अनि यस्तो भयो॥८॥ ती दण्डीले निःसन्देह सबैकुरा दिई सबैको शोक हर्न सक्तछन्। यसमा सन्देह छैन त्यसो हुनाले अब उनैको शरणमा जानुपर्छ र हाम्रो इच्छा पूर्ण हुनेछ॥९॥ ज्वाईको यस्तो कुरा सुनेर साधु वनिया उ दण्डीबाबाको नजीकैमा गई भक्तिपूर्वक दण्डवत् नमस्कार गरेर आदर सहित भन्दछ ॥१०॥

क्षमस्व चाऽपराधं मे यदुक्तं तव सन्निधौ।
एवं पुनः पुनर्नत्वा महाशोकाकुलोऽभवत् ॥११॥
प्रोवाच वचनं दण्डी विलपन्तं विलोक्य च।
मा रोदीः श्रृणु मे वाक्यं मम पूजा बहिर्मुखः ॥१२॥
ममाऽज्ञया च दर्बुद्धे लब्धं दुःखं मुहुर्मुहुः।
तच्छ्रुत्वा भगवद्वाक्यं स्तुतिं कर्तुं समुद्यतः ॥१३॥

हेदण्डी भगवान्! मेरोअपराधलाईक्षमा गरि दिनुहवस्, तपाइको नजीक मैले झुठो तथा अन्य जे जे भने त्यो सबै क्षमा पाउँ, यस्तो तरहले व्याकुल भइ नमस्कार गरी विलाप गर्दै क्षमा माग्दै शोकाकुल हुन गये ॥११॥ अनि त्यस्तो विलाप गर्ने बनियाँलाई देखेर भगवान् भन्नहुन्छ— हे दुष्ट बुद्धि! मेरो आज्ञाले तैले बारंबार दुःख पाउनुपर्‍यो, भगवान्को यस्तो वाक्य सुनेर त्यो बनियाँ स्तुति गर्न तत्पर भयो ॥१३॥

साधु रुवाच–

त्वन्मायामोहिताः सर्वे ब्रह्माद्यास्त्रिदिवौकसः ।
न जानन्ति गुणान् रूपं तवाश्चर्यमिदं प्रभो ॥१४॥
मुढोऽहं त्वां कथं जाने मोहितस्तव मायया ।
प्रसीद पूजयिष्यामि यथाविभव–विस्तरैः ॥१५॥

साधु भन्दछ– हे भगवान् सत्यनारायण स्वामी ! तपाईका मायाले भुलिन गएका ब्रह्मादि देवताहरू पनि तपाइका गुण स्वरूप जान्दैनन् यस्तो आश्चर्य छ॥१४॥ म मूर्ख हुन गएको मन्दमति प्रभुको मायाले मोहित भएको कसरी प्रभुलाई जानुँ हे प्रभो ! म उपर प्रसन्न भई बक्सियोस आफ्नू ऐश्वर्य अनुसार हजुरको पूजा गर्नेछु॥१५॥

पुरा वित्तं च तत्सर्वं त्राहि मां शरणागतम् ।
श्रुत्वा भक्तियुतं वाक्यं परितुष्ये जनार्दनः ॥१६॥
वरं च वाञ्छितं दत्वा तत्रैवान्तर्दधे हरिः ।
ततोऽसौ नावमारुह्य दृष्ट्वा वित्तप्रपूरिताम् ॥१७॥

मेरो पहिले जस्तो किसिमको धन थियो त्यो धन पनि सबै रक्षा गरि उस्तै गराइ बक्सियोस्। म प्रभुका शरणमा आएको छु, मेरो रक्षा गरिबक्सियोस् भनी यस्ता भक्तिपूर्वकका बचन सुनेर भगवान् सत्यनारायण जनार्दन सन्तुष्ट हुनुभयो ॥१६॥ अनि त्यो बनियाँको इच्छा अनुसार वरदान दिएर त्यही अन्तर्धान भएर जानुभयो। त्यसपछि बनियाँ नाउमा आएर हेर्दा धनले परिपूर्ण भएको नाउ देखेर त्यसमा चढी हिडदो भयो ॥१७॥

कृपया सत्यदेवस्य सफलं वाञ्छितं मम ।
इत्युक्त्वा स्वजनैः सार्ध पूजां कृत्वा यथाविधि ॥१८॥
हर्षेण चाऽभवत् पूर्णः सत्यदेवप्रसादतः ।
नावं संयोज्य यत्नेन स्वदेशगमनं कृतम् ॥१९॥
साधुर्जामातरं प्राह पश्य रत्नपुरीं मम ।
दूतं च प्रेषयामास निजवित्तस्य रक्षकम् ॥२०॥

सत्यनारायण सत्यदेवका कृपाले मेरो इच्छा पूर्ण भयो भनी आफ्ना मानिस सहित भएर विधिपूर्वक श्रीसत्यनारायणको पूजा गरे ॥१८॥ सत्यनारायण सत्यदेवतका प्रसादले त्यो वैश्य बहुतै खुशी भए। त्यसपछि नाउ संयुक्त पारेर आफ्नु देशतर्फ गमन गरे ॥१९॥ केही पर पुगेर साधु बनियाँ आफ्नू ज्वाईलाई भन्दछन्– हेर्नुहवस मेरो रत्नपुरी देखिन लाग्यो। यति भनेर आफ्नु सेवकलाई समाचार लैजाने दूत बनाएर घरतर्फ पठाए ॥२०॥

दूतोऽसौ नगरं गत्वा साधोभार्यां विलोक्य च ।
प्रोवाच वाञ्छितं वाक्यं नत्वा बद्धाञ्जलिस्तदा ॥२१॥
निकटे नगरस्यैव जामात्रा सहितो वणिक् ।
आगतो बन्धुवर्गैश्च वित्तैश्च बहुभिर्युतः ॥२२॥
श्रुत्वा दूतमुखाद्वाक्यं महाहर्षवती सती ।
सत्यपूजां ततः कृत्वा प्रोवाच तनुजां प्रति ॥२३॥

त्यो दूत पनि नगरमा गएर साधु बनियाँकी पत्नीको अगाडि गई नमस्कार गरेर अञ्जलि बाँधेर उनीहरूको मनपर्ने त्यो समाचार भन्न लाग्यो ॥२१॥ तपाईका ज्वाई सहित साधु बनियाँ यो नगरका नजीक आइपुग्नुभो धेरै धन दौलत दाजुभाई सबैसाथ भएर अर्थात् धेरै धन कमाई ल्याएका छन् ॥२२॥ यस्तो समाचार दूतका मुखबाट सुनेर बनियाँइनी लीलावतीलाई धेरै हर्ष भयो, श्री सत्यनारायण सत्यदेवको पूजा गरेर अनि आफ्नी छोरी कलावतीलाई भनिन् ॥२३ ॥

ब्रजामि शीघ्रमागच्छ साधुसंदर्शनाय च ।
इति मातृवचः श्रुत्वा व्रतं कृत्वा समाप्य च ॥२४॥
प्रसादं च परित्यज्य गता साऽपि पतिंप्रति ।
तेन रुष्टः सत्यदेवो भर्तारं तरणिं तथा ॥२५॥
संहृत्य च धनैः सार्धं जले तस्मिन्नमज्जयत् ।
तत कलावती कन्या चाविलोक्यनिजं पतिम् ॥२६॥

हे छोरी कलावती ! म अहिले नै पहिले जान्छु, तँ पनि छिट्टै बाबुको मुख हेर्न आइज, यस्तो आमाको बचन सुनेर कलावतीले पनि चाडै नै व्रतपूजा सिद्ध्याएर ॥२४॥ हतार सित प्रसाद नखाई ती कलावती पनि आफ्नो लोग्नेलाई हेर्न गई। प्रभुको प्रसाद त्यागेर हेला गरेर जानाले श्री सत्यनारायण सत्यदेव भगवान् रुष्ट हुनुभयो कलावतीको लोग्ने बसेको नाउ ॥२५॥ अति धनदौलत सबै साथै कलावतीको लोग्नेलाई पनि जलमा डुवाइदिनुभयो तब त्यहा गएर कलावतीले आफ्नो लोग्नेलाई नदेखेर ॥२६॥

शोकेन महता तत्र रुदती चाऽपतद्भुवि ।

दृष्ट्वा तथाविधां नावं कन्याञ्च बहुदुःखिताम् ॥२७॥

भीतेन मनसा साधुः किमाश्चर्यं मभूदिदम् ।

चिन्तमानाश्च ते सर्बे बभूवुस्तरिवाहकाः ॥२८॥

ठूलो शोकले व्याकुल भएर विलाप गर्दै भैमा लडी, उतातिर त्यो धन समेत ज्वाईं समेत नाउ बेपत्ता भएर डुवेको, वैश्य ॥२७॥ अत्यन्त भयभीत भै याने मनमा डराएर यो के आश्चर्य भयो भन्न लागे । नाउ चलाउने माझीहरू पनि बहुतै चिन्तामा पर्न गए ॥२८॥

ततो लीलावती कन्यां दृष्ट्वासा विह्वलाऽभवत्।
विललापातिदुःखेन भर्तारं चेदमब्रवीत् ॥२९॥
इदानीं नौकया सार्धं कथं सो ऽर्मूदलक्षतः।
न जाने केन देवेन हेलया चैव सा हृता ॥३०॥
सत्यदेवस्य महात्म्यं ज्ञातुं वा केन शक्यते।
इत्युक्त्वा विललापार्ता ततश्च स्वजनैः सह ॥३१॥

त्यसपछि लीलावती आफ्नी छोरी कलावतीको हालत देखेर साह्रै विह्वल भइन्। अति दुःखले विलाप गर्दै आफ्नू स्वामीलाई भन्न लागिन् ॥२९॥ हे स्वामी, अहिले त्यो नाउ पनि ज्वाई पनि कहाँ हराए किन देखिदैनन् जानिएन कुन देवतालाई अपराध गरियो र यो नाउ हराई यस्तो भयो ॥३०॥ श्री सत्यनारायण सत्यदेव भगवान्को महिमा कसले जान्न सक्तछ। यस्तो विलाप गर्दै तहाँ भएका वन्धुवर्गसहित ॥३१॥

ततो लीलावती कन्यां क्रोडे कृत्वा रुरोद ह।
ततः कलावती कन्या नष्टे स्वामिनी दुःखिता ॥३२॥
गृहीत्वा पादुकां तस्याऽनुगन्तुं च मनोदधे।
कन्यायाश्चरितं दृष्ट्वा सभार्यः सज्जनो वणिक् ॥३३॥
अतिशोकेन संतप्तश्चिन्तयामास धर्मवित्।
हृतं वै सत्यदेवेन भ्रान्तोऽहं सत्यमायया ॥३४॥

जब लीलावती छोरीलाई काखमा लिएर रुन लागिन् तब कलावती पनि अब मेरा नष्ट भएका स्वामी छैनन् भन्ने ठूलो दुःखित रूप लिएर ॥३२॥ स्वामीका खराउको सङ्गै साथ गरी सती भएर जाने (मर्ने) बिचार गरिन्। छोरीको चाला देखेर पत्नीसहित बनियाँ दुःखित हुन गए ॥३३॥ ज्यादै शोक सन्तापले दुःखी भएर धर्मवेत्ता बनियाँ चिन्तन गर्दै भन्दछ सत्यनारायण सत्यदेव भगवान्ले यो हर्नुभयो किनभने उहाँका मायाले म ज्यादै भुलिन गएको छु ॥३४॥

सत्यपूजां करिष्यामि यथाविभवविस्तरैः ।
इति सर्वान्समाहूय कथयित्वा मनोरथम् ॥३५॥
नत्वा च दण्डवद् भूमौ सत्यदेवं पुनः पुनः ।
ततस्तुष्टः सत्यदेवो दीनानां परिपालकः ॥३६॥

अब आफ्नू धन अनुसार भगवान् सत्यनारायण सत्यदेवको पूजा गर्नेछु। यस्तो कुरा सबैको सामने मनमा लागेको कुरा भने ॥३५॥ अनि सत्यनारायण सत्यदेवलाई सम्झेर पृथिवीमा बारम्बार दण्डवत् प्रणाम गरे । तहाँ उप्रान्त दीन दुःखीलाई पालना गर्ने भक्तलाई प्यारो गर्ने सत्यनारायण सत्यदेव भगवान् खुशि भई ॥३६॥

जगाद वचनं चैवं कृपया भक्तवत्सलः ।
त्यक्त्वा प्रसादं ते कन्या पतिं द्रष्टुं समागता ॥३७॥
अतोऽदृष्टोऽभवत्तस्याः कन्यकायाः पतिर्ध्रुवम् ।
गृहं गत्वा प्रसादञ्च भुक्त्वा सा याति चेत् पुनः ॥३८॥

भक्तका दयाले करुणा गरेर आकाशवाणीले भन्न लाग्नुभयो, हे बनियाँ । पूजाको प्रसाद त्यागेर तेरी छोरीले पतिको मुख हेर्न आई ॥३७॥ त्यसकारण उसको (कलावतीको) पति अदृश्य भएको हो। अब यदि घरमा गएर सो पूजाको प्रसाद भोजन गरेर आउँदछे भने ॥३८॥

लब्धभर्त्रीसुतासाधो भविष्यति न संशयः ।
कन्यका तादृशं वाक्यं श्रुत्वा गगनमण्डलात् ॥३९॥
क्षिप्रं तदा गृहं गत्वा प्रसादं च बुभोज सा ।
पश्चात् सा पुनरागत्य ददृशे स्वजनं पतिम् ॥४०॥
ततः कलावती कन्या जगाद पितरं प्रति ।
इदानीं च गृहं याहि विलम्बं कुरुषे कथम् ॥४१॥

हे साधु तिम्री छोरीले फेरि आफ्नू पति पाउने छ कुनै शङ्का मान्नु पर्दैन यस्तो आकाशमण्डलबाट भएको वाक्य त्यो छोरी चाहिले पनि सुनी ॥३९॥ अनि तुरुन्तै घरमा गएर सत्यनारायणको प्रसाद खाएर त्यहाँ फेरि आई, त्यस वेला आफ्ना पतिलाई अरु स्वजन (आफ्ना मानिस) सबैलाई देखी ॥४०॥ कलावती छोरीले आफ्नु पितासङ्ग भन्न लागि हे पिताजी ! यस वखतमा अब घर जानुपर्छ, किन विलम्ब गर्नुहुन्छ ॥४१॥

तच्छ्रुत्वा कन्यकावाक्यं सन्तुष्टोऽभूद्वणिक्सुतः ।
पूजनं सत्यदेवस्य कृत्वा विधिविधानतः ॥४२॥
धनैर्वन्धुगणैः सार्ध जगाम निजमन्दिरम् ।
पौर्णमास्यां च संक्रान्त्यां कृतवान् सत्यपूजनम् ॥४३॥
इह लोके सुखं भुक्त्वा चान्ते सत्यपुरं ययौ ॥४४॥

इति श्री सत्यनारायण व्रतकथायां षष्टो=ध्यायः ॥६॥

छोरीका यी कुरा सुनेर त्यो साधु बनियाँलाई सन्तोष लाग्यो प्रसन्न भयो, त्यहाँपछि विधिविधान्तरले सत्यनारायण सत्यदेवको पूजा गरीकन ॥४२॥ बन्धुवर्गसहित आफ्ना धनमाल साथै गरी घरमा आए तहाँ उप्रान्त संक्रान्ति पूर्णिमा आदि पर्वमा सत्यनारायण सत्यदेव भगवान्को पूजा गर्दै रही ॥४३॥ यस लोकमा सब सुख भोगेर अन्त्यमा सत्यनारायण सत्यदेव भगवान्को लोक वैकुण्ठमा गएर सुख भोग गर्दा भये ॥४४॥

इति सत्यनारायण व्रतकथा नेपाली टीकामा छैठौ अध्याय सकियो ॥६॥

सप्तम अध्याय प्रारम्भ

सूत उवाच

अथाऽन्यच्च प्रवक्ष्यामि श्रृणुध्वं मुनिसत्तमाः ।
आसीत् तुङ्गध्वजो राजा प्रजापालनतत्परः ।।१।।
प्रसादं सत्यदेवस्य त्यक्त्वा दुःखमवाप सः ।
एकदा स वनं गत्वा हत्वा बहुविधान् पशून् ।।२।।

सूतजी शौनकहरुसङ्ग भन्नुहुन्छ– अब अरु पनि भन्दछु, हे मुनिश्वर हो, सुन्नुहोस ! अघि एक समयमा तुङ्गध्वज नाम गरेका प्रजापालन गर्न तत्पर भएका राजा थिए ।।१।। सत्यनारायण भगवान्को प्रसाद त्याग गर्दामा तिनले दुःख पाए । एक समयमा ती राजा शिकार खेल्न वनमा गएका थिए, अनेक तरहका पशु जन्तु मृगहरू मारे ।।२।।

आगत्य बटमूलञ्च दृष्ट्वा सत्यस्य पूजनम् ।
गोपाः कुर्वन्ति सन्तुष्य भक्तियुक्ताः सबान्धवाः ॥३॥
राजा दृष्ट्वा प्रदर्पेण न गतो न ननाम सः ।
ततो गोपगणाः सर्वे प्रसादं च यथेप्सितम् ॥४॥
समर्प्य सादरं राज्ञे निवृत्तास्ते तथा गताः ।
दत्तं प्रसादं संत्यज्य राजा दुःखमवाप सः ॥५॥

अनि घुम्दै आएर यौट वरको शीतल छयामा आराम गरी बसें। त्यसै ठाउँनेर गोठालाहरू बहुत प्रेमसङ्ग बन्धुवर्ग इष्टजन समेत भएर सत्यनारायण सत्यदेव भगवान्को व्रतपूजा गर्दैथिए ॥३॥ राजाले त्यो पूजा देखेर पनि घमण्ड गरेर गएनन् साथै नमस्कार सद्भावना क्यै गरेनन्। तब गोठालाहरूले राजा जानी पूजाको प्रसाद ॥४॥ आदरपूर्वक राजालाई दिए अनि आएर आफूहरूले पनि यथेष्ट प्रसाद खाए। राजाले गोठालाहरूले त्यो दिएको प्रसाद त्याग गरेको हुदाँ दुःख पाउन लागे ॥५॥

तस्य पुत्रशतं नष्टं धनधान्यादिकं च यत्।
सत्यदेवेन तत् सर्वं नाशितं मम निश्चितम्॥६॥
अतस्तत्रैव गच्छामि यत्र देवस्य पूजनम्।
मनसा तु विनिश्चित्य ययौ गोपालसन्निधौ ॥७॥

तिनका धन दौलत शय भाई छोरा सबै नाश भएर गएपछि निश्चय सत्यनारायण सत्यदेव भगवान्को प्रसादको अपमान गरेको हुँदा यो मेरो नाश भयो मलाई यो दुःख भयो॥६॥ अब त्यसै ठाउँमा जान्छु जहाँ सत्यनारायणको पूजा भएको थियो, यस्तो मनले निश्चय गरेर जहाँ गोठालाहरू पूजा गर्दथे त्यसै ठाउँमा गए ॥७॥

तवौऽसौ सत्यदेवस्य पूजां गोपगणैः सह।
भक्ति श्रद्धाऽन्वितो भूत्वा चकार विधिना नृपः ॥८॥
सत्यदेव प्रसादेन धनपुत्राऽन्वितोऽभवत्।
इह लोके सुखं भुक्त्वा चाऽन्ते सत्यपुरं ययौ ॥९॥

तब ग्वालाहरूका साथ महाराजले पनि भक्ति श्रध्दायुक्त भएर सत्यनारायण श्री सत्यदेव भगवान्को विधिपूर्वक पूजा गरे ॥८॥ तब श्री सत्यनारायण सत्यदेव भगवान्का कृपाले फेरि धनपुत्रले युक्त हुन गए, यस लोकमा अनेक सुख भोगेर अन्त्यमा सत्य भगवान्को लोकमा गए ॥९॥

य इदं कुरुते सत्यव्रतं परमदुर्लभम्।
श्रृणोति च कथां पुण्यां भक्तियुक्तः फलप्रदाम् ॥१०॥
धनधान्यादिकं तस्य भवेत् सत्यप्रसादतः।
दरिद्रो लभते वित्तं बद्धो मुच्येत बन्धनात् ॥११॥
भीतो भयात् प्रमुच्येत सत्यमेव न संशयः।
ईप्सितं च फलं भुक्त्वा चान्ते सत्यपुरं ब्रजेत् ॥१२॥

जब मनुष्य यस्तो परम दुर्लभ सत्यनारायणको व्रत जसले गर्दछ भक्ति युक्त भएर यो फलदायिनी पुण्य कथा जसले सुन्छ ॥१०॥ सत्यनारायण भगवान्का कृपाले प्रसन्नताले धनधान्य ऐश्वर्य सवै बड्दछ ॥ गरीवले सुन्यो भने धन प्राप्ति हुन्छ, बन्धनमा परेको कैदीले सुन्यो भने बन्धनबाट मुक्त हुन्छ ॥११॥ भयमा परेको भयबाट मुक्त हुन्छ, यो सत्य कुरा हो, यसमा सन्देह संशय छैन, व्रतका प्रभावले इच्छा अनुसार फल भोगेर अन्त्यमा सत्य भगवान्को लोक वैकुण्ठमा पुग्दछ ॥१२॥

मधुसूदन सुवेदी

इति वः कथितं विप्राः सत्यनारायण व्रतम् ।

यत् कृत्वा सर्वदुःखेभ्यो मुक्तो भवति मानवः ॥१३॥

विशेषतः कलियुगे सत्यपूजा फलप्रदा ।

केचित् कालं वदिष्यन्ति सत्यमीशं तमेव च ॥१४॥

हे शौनकादि ऋषि मुनीश्वर हो ! भनी सुतजी भन्नुहुन्छ यस्तो श्री सत्यनारायण भगवान्‌को व्रत तपाईहरूलाई यस प्रकारले विस्तार गरियो जुन यो व्रत गर्नाले मनुष्य सबै दुःखबाट मुक्त भएर जान्छ ॥१३॥ विशेष गरेर कलियुगमा सत्य भगवान्‌को पूजा फलदायक छ, कसैले यिनलाई काल भनेका छन्, कोही सत्यनारायण, कोही सत्यदेव भन्दछन् ॥१४॥

सत्यनारायणं केचित् सत्यदेवं तथाऽप रे ।
नानारूपधरो भूत्वा सर्वेषामीप्सितप्रदम् ॥१५॥
भविष्यति कलौ सत्यव्रतरूपी सनातनः ।
विष्णुना यद्धृतं रूपं सर्वेषामीप्सितप्रदम् ॥१६॥
य इदं पठते नित्यं श्रृणोति मुनिसत्तमाः ।
तस्य नश्यन्ति पापानि सत्यदेवप्रसादतः ॥१७॥
व्रतं यैस्तु कृतं पूर्व सत्यनारायणस्य च ।
तेषां त्वपरजन्मानि कथयामि मुनीश्वराः ॥१८॥

तिनै सत्यनारायण नाना तरहको स्वरूप धारण गरेर सबैलाई इच्छाअनुसारको फल दिने छन् ॥१५॥ कलियुगमा सत्यनारायण सत्यव्रतरूपी सनातन अविनाशी भगवान् हुनुहुन्छ भगवान् विष्णुले जे जे रूप धारण गर्नुभयो सबको भिन्न भिन्न इच्छा पूर्ण गर्नलाई हो ॥१६॥ यस्तो यो कथा जो पढ्दछन् जो सुन्दछन्, हे मुनीश्वर शौनकादि । यस्ता पुरुषका सबै पापहरू सत्यदेवका कृपाले नाश भएर जान्छन् जो मनुष्य यसलाई सधै पाठ गर्ला ॥१७॥ हे शौनकादि मुनीश्वर हो सुन्नुहवस् पहिले सत्यनारायण भगवान्को पूजा व्रत गर्ने भक्तहरूको दोश्रो जन्मको कुरा म भन्दछु ॥१८॥

शतानन्दो महाप्राज्ञः सुदामा ब्राह्मणोऽभवत् ।
तस्मिन् जन्मनि श्रीकृष्णं ध्यात्वा मोक्षमवाप ह ॥१९॥
काष्ठभारवहो भिल्लो गुहराजो बभूव ह ।
तस्मिन् जन्मनि संसेव्य रामं मोक्षं जगाम वै ॥२०॥

उल्कामुखो महाराजो नृपो दशरथोऽभवत् ।
श्रीरङ्गनाथ सम्पूज्य श्रीबैकुण्ठं तदागमत् ॥२१॥

महाबुद्धिमान् शतानन्द नाउँ गरेका सुदामा ब्राह्मण भए, त्यस जन्ममा श्री कृष्णको ध्यान गरेर मोक्ष प्राप्त गरे ॥१९॥ दाउरा बिक्री गर्ने दाउरे, भिल्ल जातिको गुहराजा भए । त्यसं जन्ममा श्री रामचन्द्रको सेवा भक्ति गरेरमोक्ष भएर गए ॥२०॥ उल्कामुख नाम गरेका राजा महाराज दशरथ भएर जन्मिए, श्रीरङ्गनाथ भगवान्का पूजा भक्तिले वैकुण्ठ लोकमा प्राप्त भए ॥२१॥

धार्मिकः सत्यसन्धश्च साधुर्मोरध्वजोऽभवत् ।
देहार्धं क्रकचैश्छित्त्वा दत्त्वा मोक्षमवाप ह ॥२२॥
तुङ्गध्वजो महाराजः स्वयम्भुरभवत् किल ।
धर्मान् भागवतान् कृत्वा श्रीबैकुण्ठं तदाऽगमत् ॥२३॥

इति स्कन्दपुराणे रेवाखण्डे सत्यनारायण व्रतकथायां सप्तमोऽध्यायः ॥७॥

धार्मिक सत्यवादी साधु वैश्य बनिया मयूरध्वज राजा भए, जसले आफ्नो देहको आधा भाग आराले काटेर भगवान्‌लाई अर्पण गरी मोक्षपद प्राप्त गरे ॥२२॥ तुङ्गध्वज महाराज स्वयम्भु मनु भएर भगवद् धर्म (वैष्णव धर्म) गर्दै विष्णुभक्तिले श्री बैकुण्ठ लोकमा गए, यस्ता श्री सत्यनारायण भगवान् श्रोता वक्ता सबलाई कल्याण गर्नु हुनेछ ॥२३॥

इति सत्यनारायणको व्रतकथामा सातौ अध्याय सकियो ।

श्री सत्यनारायण भगवान्‌को जय ॥

* समाप्त *

आरती

ॐ जय लक्ष्मीरमण, प्रभु जय लक्ष्मी रमण।
सत्यनारायण स्वामी २ जनपातक हरण॥ ॐ जय लक्ष्मी...।
रत्नजडित सिंहासन, अद्भुत छवि राजै। प्रभु अद्भुत...।
नारद गर्छन् निराजन २ घण्टध्वनि बाजै। ॐ जय लक्ष्मी...॥
बूढा ब्राह्मणको वनमा, कञ्चन महल भयो। प्रभु कञ्चन...॥
दुर्वल भील कठोरा २ जसलाई कृपा गरी। ॐ जय लक्ष्मी...।
चन्द्रचूड एक राजा, जसको विपद हरी। प्रभु जसको....।
वैश्यमनोरथ पायो २ श्रद्धा तजदीनी। ॐ जय लक्ष्मी...।

भावभक्तिको कारण, छिनछिन रूप धरी। प्रभु छिन छिन...।
श्रद्धाधारण गरी जसको २ सबै काज सऱ्यो। ॐ जय लक्ष्मी...।
ग्वाला वालसङ्ग राजा, वनमा भक्ति गरी। प्रभु वनमा...।
मनवाञ्छित फल दिने २ दीन दयालु हरि। ॐ जय लक्ष्मी...।
चढ्ने प्रसाद सवाया, कदलिफल मेवा। प्रभु कदलि...।
धूप दीप तुलसीले २ गरे राजा सत्यदेवा। ॐ जय लक्ष्मी...।
श्री सत्यनारायणको आरति, जो कोही गाउँछन्। प्रभु जो कोही....।
आखिर शिवानन्द स्वामिले २ मनवाञ्छित फल पाए। ॐ जय लक्ष्मी...।

मधुसूदन सुवेदीको प्रकाशित पुस्तकहरू

१. हिन्दु सदाचार पद्धति
२. पुस्तकालय विज्ञानको उपादेयता
३. सरलीकृत शिलान्यास विधि
४. स्व.स.से. ऋषिसुवेदीको सम्झनामा शोककाव्य
५. Fundametals of Library and Information Science
६. सरलीकृत मार्कण्डेयाद्यष्टचिरञ्जीवि पूजाविधि नव ग्रहादि पाठ सहित
७. सरलीकृत सत्यनारायण पूजाविधि
८. सनातन हिन्दुधर्म तथा संस्कार
९. सरलीकृत श्रीलक्ष्मी पूजा विधि
१०. सरलीकृत महालक्ष्मी पूजाविधि
११. सरलीकृत अग्निस्थापना विधि
१२. सरलीकृत हरितालिका र ऋषिपञ्चमी पूजाविधि व्रतकथा सहित
१३. सम्पूर्ण एकादशी महात्म्य सरल पूजाविधि सहित
१४. श्री गणेश सहस्रनाम पूजाविधि सहित
१५. शारदीय दुर्गा पूजा विधि
१६. सरलीकृत अन्त्यपद्धति
१७. सरलीकृत तर्पणैकोद्दिष्ट पार्वणैकपार्वण तीर्थ श्राद्ध विधि
१८. सरलीकृत स्वयम्बर पटलाञ्छन पूर्वाङ्गग्रहशान्ति सहित विवाह विधि
१९. सरलीकृत ग्रहशान्त्यग्निस्थापन चूडोपनयन वेदारम्भ समावर्तन विधि
२०. Om Age Old Eternal Hindu Religion and Sacrament
२१. सनातन दैनिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका
२२. हिन्दु विवाहको इतिहास
२३. सनातन विशेष चाडपर्वतथा धार्मिक लेख
२४. श्री पशुपतिनाथ र प्रसिद्ध शिवलिङ्गहरू तथा द्वादश ज्योतिर्लिङ्ग
२५. सरलीकृत शिवपूजाविधि सहित रूद्राष्टाध्याय
२६. तीर्थयात्र संस्मरण
२७. पूर्णिमाव्रत चन्द्रमापूजाविधि
२८. श्री कालिका तथा दुर्गा उपाशना विधि
२९. सरलीकृत चतुशिति सिद्धपूजा विधि
३०. अथ: मासिक श्राद्ध पद्धति
३१. History of the Aryan Marriage – a Sacrament
३२. श्री स्वस्थानी व्रतकथा सरल पूजाविधि सहित

३३. श्री वैभव लक्ष्मी पूजाविधिः सहित व्रतकथा
३४. श्री मूलादिजननशान्ति विधिः
३५. सरलीकृत कालसर्पयोग शान्ति विधिः
३६. सरलीकृत ग्रहशान्ति कर्मप्रयोग विधिः
३७. सरलीकृत देवदेवीमूर्तीनां स्थिर–प्राण–प्रतिष्ठा विधिः
३८. सरलीकृत सप्ताह मण्डप पूजा विधिः
३९. सरलीकृत वेदोक्त गृहवास्तु शान्ति प्रयोग
४०. नेपाल अधिराज्यको चतुषष्ठिः स्वयम्भूसिद्धज्योर्तिर्लिङ्ग एवं पशुपतिदर्शनमहिमा (मूर्तिसहित विवरण)
४१. सोमवार शिव पूजा विधि
४२. सरलीकृत अश्वत्थ वटोद्यापन विधि
४३. सरलीकृत तुलादान विधि
४४. सरलीकृत लक्षदीप प्रज्वलन विधि
४५. सरलीकृत मङ्गलबार गणेश पूजा विधि व्रत कथा सहित
४६. सरलीकृत आदित्यबार सूर्यपूजा विधि
४७. सरलीकृत हनुमान पूजा विधि
४८. सरलीकृत आवश्यकीय स्तोत्र पुष्पाञ्जली
४९. सरलीकृत आशौच निर्णय
५०. सरलीकृत गरुड पुराण प्रेतकल्प
५१. सरलीकृत नारायणवलि प्रयेण विधि
५२. सरलीकृत श्री कृष्णाष्टमी पूजाविधि सहित व्रतकथा
५३. सरलीकृत अदुःखनवमी पूजाविधि सहित व्रतकथा
५४. सरलीकृत कार्तिक शुक्ल एकादशी तुलसी पूजाविधि
५५. सरलीकृत दुर्गासप्तशति पाठ श्री दुर्गा पूजाविधि सहित
५६. सरलीकृत वटसावित्री पूजा विधि
५७. सन्तोषी माता व्रत पूजाविधि सहित
५८. दीक्षा मन्त्र उपासना तथा प्रतप्रतिष्ठा विधि
५९. अध्यात्म रामायण सुन्दर काण्ड
६०. विविध सङ्कल्प संग्रह
६१. अमरनाथ तीर्थयात्रा संस्मरण
६२. सरलीकृत ऋषितर्पणी पूजाविधि तथा श्रावणी पद्धति
६३. कालिका दुर्गा तथा पाञ्चायन देवी देवता उपासना विधि
६४. सरस्वती पूजा विधि
६५. प्रदोषव्रत पूजा विधि सहित व्रतकथा
६६. विविध पूजा सामाग्री सँगालो
६७. विविध कर्मकाण्ड अर्क, कुम्भ, विष्णु प्रतिक विवाह विधि
६८. सुवेदी कुल पुजा विधि (सर्वसाधारण सबैको निमित्त उपयोगी)
६९. गणेश चतुर्थी पूजाविधि सहित व्रतकथा
७०. एकादशी महात्म्य पूजाविधि सहित मूल पाठ

पुस्तक पाइने ठेगाना-

१. नेशनल बुक सेण्टर, भोटाहिंटी, फोनः ४२२१२६९, ४२४२४०९
२. हरेक पुस्तक भण्डार, भोटाहिंटी, फोनः ४२५२९००
३. सुकुन्दा पुस्तक पसल, भोटाहिंटी, फोनः ४२२०३७९
४. रत्न पुस्तक भण्डार, भोटाहिटी, फोनः ४२२१८१८, ४२४८९६३
५. रत्न पुस्तक भण्डार माइतिघर, फोनः ४२४०८५०
६. दुर्गा पुस्तक भण्डार, देवपाटन, पशुपती, फोनः ४४६१११६
७. जयगुरु बुक्स एण्ड स्टेशनरी, भोटाहिटी, फोनः ४२२२२१९
८. हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स फोनः ४२२९७७०
९. सूचना केन्द्र (पत्रिका पसल), चेम्बर चोक, पिपलबोट, हेटौडा, फोनः ०५७-५२१७३७
१०. हिमालय बुक हाउस, मणिपथ, बुटवल, फोनः ०७१-५४१००९
११. धार्मिक पुस्तक पसल, नारायणघाट, फोनः ०५६-५३१६१५
१२. दैनिक सामाग्री प्रतिष्ठान, विर्तामोड, झापा, फोनः ०२३-६९२२१८
१३. गुरू पुस्तक पसल, भोटाहिटी, फोनः ४२३९२४२
१४. श्री शिवशक्ति धार्मिक पुस्तक एवं पूजन सामाग्री केन्द्र, कावासोती, नवलपरासी, मो.नं. ९८४७२४१८०३
१५. ऋद्धिसिद्धि पूजा सामाग्री केन्द्र, विर्तामोड, झापा, मो.नं. ९८४२६९७४२२

१६. पाञ्चायन पूजा सामाग्री पसल, दमक, झापा, मो.नं. ९८५२६७८८८४
१७. हिमाल किराना एवं पूजा पसल, इटहरी, मो.नं. ९८४२०२३६९४
१८. एस. एम. एस. इन्टरप्राइजेज, महेन्द्रपुल, पोखरा, फोनः ०६१-५४१४५७, मो.नं. ९८४६८५९१७७
१९. हरेकृष्ण पूजा सामाग्री भण्डार, जेसिसचोक, वुटवल, मो.नं. ९८४७४७९२४२
२०. वैदिक पूजा सामाग्री, पुतलीबजार, नारायणघाट, फोनः ०५६-५२०९०९
२१. भट्टराई पूजा सामाग्री भण्डार, वगर, पोखरा, मो.नं. ९८५६०२६६४१
२२. वावा पूजा सामाग्री भण्डार, तीनपैनी चोक, विराटनगर, मो.नं. ९८४२२९८६५७
२३. दिपक पुस्तक पसल, झनिश्चरे, झापा, मो.नं. ९८४२६३४०६०
२४. न्यू ग्रीन हाउस पूजा सामाग्री, चिप्लेढुङ्गा, सुन्दरमार्ग, पोखरा, फोनः ०६१-५३९३००
२५. राधाकृष्ण सप्लायर्स, तुलसीपुर, दाङ, मो.नं. ९८४७८३४५२७
२६. वैभव लक्ष्मी पूजा सामाग्री एवं पुस्तक भण्डार, विर्तामोड, मो.नं. ९८४२७३१०४२
२७. लुम्विनी पूजा सामाग्री भण्डार, वुटवल, ट्राफिक चोक, मो.नं. ९८५७०३०६११
२८. भोटाहिटी बुक्स, भोटाहिटी, मो.नं. ९८५१०७३४५०
२९. निसान पूजा सामाग्री केन्द्र, भैरहवा, नारायणस्थान, मो.नं. ९८४७०६५८९६
३०. रसगङ्गा स्टेशनरी एण्ड बुक्स, विजौरी-५, दाङ, मो.नं. ९८४९०६४६१२

लेखकको परिचय

नामः मधुसूदन सुवेदी

जन्मः बि.सं. २००० ललितपुर, सानेपा।

शिक्षाः बि.ए.,बि.लिब. एस्सी एण्ड डिओसी।

सेवा : विभिन्न मन्त्रालय, विभाग, लोक सेवा आयोग, निर्देशक नेपाल राष्ट्रिय पुस्तकालय, संसद सचिवालय, सर्वोच्च अदालत, केन्द्रीय कानून पुस्तकालय आदीमा ५० वर्षको अनुभव।

संघसस्थाः सङ्कट कालीन निवारण समिति, विश्व हिन्दू महासंघ, ढुंङ्गेधारा सत्संग भवन संरक्षण समिति, सानेपा, गीता अध्ययन मण्डल स्वयम्भू, ॐ सत्सङ्ग भवन जावलाखेल, आत्मालोक सन्यास आश्रम, वागडोल, सानेपा स्वास्थ्य चौकी, अन्तर्राष्ट्रिय ब्राह्मण संघ, भारद्वाज संस्कृति सम्वर्धन केन्द्र आदि।

कृतिः हिन्दू सदाचार पद्धति, पुस्तकालय विज्ञानको उपादेयता, शारदीय दुर्गापूजा विधि, स्व.स.से.ऋषी सुवेदीको सम्झनामा शोक काव्य, सरलीकृत सत्यनारायण पूजा विधि, सरलीकृत लक्ष्मी पूजा विधि, सरलीकृत महालक्ष्मी पूजाबिधि, सरलीकृत अन्त्यपद्धति, सरलीकृत मार्कण्डेयाद्यष्ट चिरंजीवि पूजाविधि, नव ग्रहादि पाठ सहित, **Fundamentals of Library & Information Science on Nepales Response,** हिन्दू विवाहको इतिहास, सनातन हिन्दू धर्म तथा संस्कार, सरलीकृत अग्निस्थापना विधि, सरलीकृत शिलान्यास बिधि, सनातन दैनिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका, **Om Age Old Eternal Hindu Religion & Sacrament,** सरलीकृत स्वयम्वर पटलाञ्छन पूर्वाङ्गग्रहशान्ति सहित विवाह विधि, सरलीकृत ग्रहशान्त्यग्निस्थापन चूडोपनयन वेदारम्भ समावर्तन विधि, सरलीकृत हरितालिका र ऋषिपञ्चमी पूजाविधि, सम्पूर्ण एकादशी महात्म्य सरल पूजाविधि सहित, श्री गणेश सहस्रनाम पूजाविधि, सनातन विशेष चाडपर्व तथा धार्मिक लेख,श्रीपशुपतिनाथ र द्वादश ज्योतिर्लिङ्ग, शिवपूजाविधि सहित रूद्राष्टाध्यायी, तीर्थयात्रा संस्मरण, सरलीकृत पूर्णिमाव्रत चन्द्रमापूजाविधि, सरलीकृत मासिक श्राद्ध पद्धति, **History of the Aryan Marriage a Sacrament,** श्री स्वस्थानी व्रतकथा सरल पूजाविधि सहित, स्तोत्र पुष्पाञ्जली, आशौचनिर्णय, गरुड पुराण, नारायणबलि प्रयोग, श्री कृष्ण जन्माष्टमी, अदुःख नवमी।

भ्रमणः भारत, श्रीलंका, थाईलैण्ड, हङ्कंकङ्, चीन।